प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

बागमति प्रदेश, हेटौंडा, मकवानपुर, नेपाल

## दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मितिः २०७६।१०।०४ गते)

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमति प्रदेश, हेटौंडाअन्तर्गत पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बागमति प्रदेश, हेटौंडा, मकवानपुर, नेपालको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दुध उत्पादनमा आधारित अनुदान वितरण (प्रथम संशोधन सहित) कार्यविधि, २०७६ को दफा १८ मा व्यवस्था भए बमोजिम मापदण्ड पुरा गरेका इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुले सहभागी भई तहाँ सहकारीमा नियमित रूपमा दुध बिक्री गरिरहेका दुग्ध उत्पादक सदस्य कृषकहरूलाई अनुदानमा सहभागी गराउन यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले तीस दिनभित्र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा अनुसूची-३ बमोजिम आवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बागमति प्रदेश, हेटौंडा, मकवानपुर वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूमा सम्पर्क राख्नु हुन समेत अनुरोध गरिन्छ। साथै सूचना तथा कार्यविधि यस निर्देशनालयको वेबसाईट **dolfd.p3.gov.np** मा हेर्न सकिने छ।

### मापदण्डका आधारहरुः

(क) दुग्ध उत्पादक सहकारी संस्थाले दैनिक कम्तिमा ३०० लिटर संकलन गर्ने गरेको हुनु पर्नेछ ।

(ख) वार्षिक कम्तिमा २०० दिनसम्म दुधको कारोवार गर्ने गरेको हुनु पर्नेछ ।

(ग) दुग्ध उत्पादक सहकारी संस्थाले दैनिक संकलित दूध आफैले प्रसोधन गरी वा अन्य उद्योगलाई बिक्रि वितरण गरी दूध र दुग्ध जन्य पदार्थहरुको बेचबिखनको प्रबन्ध गरेको हुनु पर्नेछ ।

(घ) नियमित रुपमा वार्षिक साधारण सभा र लेखा परिक्षण गर्ने गरेको हुनु पर्नेछ ।

(ङ) स्थायी लेखा नम्बर प्राप्त गरेको हुनु पर्नेछ ।

(च) कर चुत्ता गरेको हुनु पर्नेछ ।

(छ) विगत वर्षमा अन्य निकायबाट अनुदान प्राप्त गरेका सहकारी संस्थाहरुको हकमा अनुदान प्राप्त गर्दाको बखत पेश गरेको पछिल्लो उत्पादनमा कम्तिमा १० प्रतिशत थप दूधको कारोबार गरेको हुनुपर्ने र सो को अभिलेख पेश गर्नु पर्नेछ ।

(ज) सहकारीमा आवद्ध सबै कृषकहरुको फार्ममा जैविक सूरक्षा विधि अवलम्वन गरेको हुनु पर्नेछ ।

(झ) सहकारीले कारोवार गर्ने गरेको दुधको गुणस्तर न्यूनतम  मापदण्ड भित्र परेको हुनु पर्नेछ।

(ञ) सहकारी संस्थाहरुले संस्थागत रुपमा दूध बिक्री गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

(ट) विगतका वर्षहरुमा कुनै किसिमको कार्वाहिमा नपरेको हुन पर्नेछ ।

(ठ) दुग्ध उत्पादक सहकारी संस्थाले विगत १ वर्षदेखि नियमित कारोबार गरेको हुनु पर्नेछ।

(ड) एउटै दुग्ध उत्पादक सहकारी संस्थालाई ३ वर्षसम्म मात्र अनुदान रकम वितरण गरिने छ।

(ढ) अहिलेसम्म सेवा सुविधा प्राप्त नगरेका दुग्ध उत्पादक सहकारी संस्थालाई बढी ग्राहयता दिईने छ ।

(ण) सहकारीका सदस्य मध्ये जुनमा महिला, दलित तथा विपन्न वर्गको संख्या बढी छ, ति सहकारी संस्थालाई प्राथमिकता प्रदान गरिने छ ।

**अनुसूचि-३**
**(दफा ७ सँग सम्बन्धित)**
**<u>दुग्ध उत्पादक सहकारी संस्थाले दिने आवेदन-पत्रको ढाँचा</u>**

**मितिः......../..../.....**

**श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,**
**बागमति प्रदेश, हेटौंडा¸ मकवानपुर¸नेपाल ।**

**विषयः <u>कार्यक्रममा सहभागी हुन पाउँ।</u>**

**प्रस्तुत विषयमा मिति २०७६/१०/०४ मा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार यस दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण र अन्य आवश्यक कागजात समेत संलग्न गरी आवेदन पेश गरेका छौं ।**

**<u>तपसिलः</u>**

-1_ **कूल सदस्य संख्याः**

-2_ **कुल सदस्य मध्ये दूध उत्पादक सदस्य संख्याः**

-3_ **गत वर्ष कूल दूध संकलन लि.(औषत दैनिक .......... लि. मासिक .............. लि. र वार्षिक............. लि.)**

-4_ **गत वर्ष दूध कारोवार गरेको दिन अंकमा.................. अक्षरमा ............................**

-5_ **गत वर्ष कूल अधिकतम दूध संकलन ................ महिना, ................ लि.**

-6_ **गत वर्ष कूल न्यूनतम दूध संकलन ................महिना, ...................लि.**

-7_ **संस्थाबाट संकलित दूध बिक्री गरिने संस्था/संस्थान/आयोजना आदीको नाम र ठेगानाः**

**(क) ..................................................................**

**(ख) ..................................................................**

**(ग) ..................................................................**

**(घ) ..................................................................**

**(ङ) ..................................................................**

-8_ **दूध बिक्री गरेको प्रमाण सम्बन्धी कागजात (संलग्न गर्नुपर्ने)**

-9_ **वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण (प्रतिलिपि संलग्न गर्नुपर्ने)**

-10_ **जम्मा संकलन केन्द्र संख्याः-**

-11_ **रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको/नभएकोः-**

-12_ **दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राखी/जानकारी दिने गरेको/नगरेकोः-**

-13_ **मिल्क एनालाईजरको प्रयोग भएको/नभएकोः-**

-14_ भेटेरिनरी अष्पताल तथा पशु सेवा विज्ञ केन्द्र /स्थानीय तहको सिफारिश (संलग्न हुनुपर्ने)

-15_ दुध विविधिकरण र विक्री वितरण गरेको/नगरेकोः-

गरेको भएः-

(क) कुन कुन पदार्थ बनाउने गरिन्छ .........................

(ख) दैनिक औषत परिमाण.....................

(ग) विक्री गर्ने बजार/स्थल ............................................

-16_ सहकारी दर्ता/नविकरणको प्रमाण (प्रतिलिपि संलग्न गर्नुपर्ने)

-17_ कुनै प्रकारको कार्वाहीमा नपरेको बारेको स्वघोषणा (संलग्न गर्नुपर्ने)

-18_ कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड( संलग्न गर्नुपर्ने)

-19_ कर चुक्ता प्रमाण पत्र (प्रतिलिपि संलग्न गर्नुपर्ने)

-20_ दूध बिक्रेता सदस्यको बित्तिय/सहकारी संस्थामा रहेको खाताको विवरणः

| क्र.सं. | नाम/थर | ठेगाना | बित्तिय/सहकारी संस्थाको नाम/ ठेगाना | खाता नम्बर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

<u>आवेदकः</u>

पदाधिकारीको नाम/थरः

पदः

दस्तखतः

मितिः

सम्पर्क नम्बरः

सहकारी संस्थाको नाम र ठेगानाः

सहकारी संस्थाको छापः

**अनुसूची -४**

**(दफा ९ सँग सम्बन्धित)**

**कार्यक्रम संचालनका लागि संस्थाको छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु**

| क्र. सं. | द. नं. | आवेदक संस्थाको नाम | ठेगाना | मिल्क एनालाईजरको प्रयोग (२०) | दुग्ध उत्पादक कृषक सदस्य संख्या (25) | दैनिक दुध संकलन परिमाण लिटर (२५) | हालसम्म सेवा प्राप्त नगरेको भूगोल र समुदाय (१०) | अभिलेख व्यवस्थापन (2०) | कुल प्राप्तांक (100) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

-1_ **पचास जनासम्म सदस्य संख्या हुने संस्थालाई विस र पचास भन्दा बढी सदस्य संख्या हुने संस्थालाई पच्चिस अंक दिनु पर्नेछ ।**

-2_ **दैनिक तिन सयदेखि पाँच सय लिटरसम्म दुध संकलन गर्ने सहकारी संस्थालाई विस अंक र पाँच सय लिटर भन्दा बढी दुध संकलन गर्ने सहकारी संस्थालाई पच्चिस अंक दिनु पर्नेछ ।**